स्वतन्त्र, निर्भिक, निष्पक्ष एवं खोजमूलक पत्रकारिताका लागि

www.madisetionline.com

# माादीसेती प्रवाह

राष्ट्रिय दैनिक

MADISETI PRAWAHA NATIONAL DAILY

वर्ष १४ अंक १४८ शुक्रबार २६ पुस २०८१ Jan. 10 Friday, 2025 MADISETI PRAWAHA पृष्ठ ४ मुल्य रु. ५।-

यो ठाउँ विज्ञापनको लागि खाली छ।

# नवौं तनहुँ कृषि पर्यटन तथा प्रविधि महोत्सव सुरु

**मादीसेती प्रवाह**

**दमौली/२५, पुस**

नवौं तनहुँ कृषि पर्यटन तथा प्रविधि महोत्सव विहीवारबाट शुरु भएको छ।




तनहुँ उद्योग वाणिज्य सङ्घको आयोजना तथा दमौली बजार इकाईको सहआयोजनामा दमौलीमा सुरु महोत्सवको उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले उद्घाटन गरे। कार्यक्रममा बोल्दै सिंहले कृषि र पर्यटनको विकासको लागि सरकारले प्राथमिकता दिएको बताए।

देशको रोजगारीको मुख्य आधार कृषि र पर्यटन भएकोले सरकारले प्राथमिकता दिएको उपप्रधानमन्त्री सिंहको भनाई थियो। नेपाल सुन्दर देश र संस्कृतिको धनी भएकोले पर्यटकलाई आकर्षित गरी रोजगारी सिर्जना गर्न सकिने हुँदा सबै मिलेर प्रवर्द्धन गर्नुपर्ने सुझाव उनले जानकारी दिए ।

कृषि र पर्यटकीय क्षेत्रको प्रवर्द्धन र विकासको लागि वर्तमान सरकार जुटिरहेको उनले उल्लेख गरे। पर्यटन प्रवर्द्धन र विकासमा सङ्घीय सरकारले लिएको नीतिलाई सफल बनाउन प्रदेश तथा स्थानीय सरकारको समेत महत्वपूर्ण भूमिका रहने उपप्रधानमन्त्री सिंहको भनाई थियो । देशका धेरै स्थानमा व्यवसायिको नेतृत्वमा महोत्सव भइरहेको उल्लेख गर्दै सिंहले यस्ता मेला महोत्सवले अर्थतन्त्र

*बाँकी पृष्ठ ४ मा*

# भिमादको सहकारीका प्रबन्धकलाई कुटपिट गर्ने पक्राउ

**मादीसेती प्रवाह**

**भिमाद/२५, पुस**

तनहुँको भिमाद बचत तथा ऋण सहकारीका प्रबन्धकलाई कुटपीट गरेको आरोपमा पाँच जना पक्राउ परेका छन्।



उक्त सहकारीका प्रबन्धक रामबाबु गैह्रेलाई कुटपिट गरेको आरोपमा भिमाद नगरपालिका-७ का वडाध्यक्ष प्रकाश श्रेष्ठसहित पाँच जना पक्राउ परेका हुन्। वडाध्यक्ष श्रेष्ठकी पत्नी लक्ष्मीकुमारी श्रेष्ठको नाममा २०७६ सालमा सहकारीबाट ऋण लिएर नतिरेपछि धितो राखेको जग्गा लिलाम गरेको भन्दै वडाध्यक्ष श्रेष्ठले प्रबन्धक गैह्रेलाई कुटपिट गरेपछि सोमबार प्रहरीले पाँच जनालाई पक्राउ गरी अनुसन्धान थालेको हो।

जिल्ला प्रहरी कार्यालयका अनुसार पक्राउ पर्नेमा वडाध्यक्ष प्रकाश श्रेष्ठ, इश्वरकुमार श्रेष्ठ, नितेश श्रेष्ठ, नेपोलने श्रेष्ठ र विकल श्रेष्ठ रहेका छन्। विसं २०७६ मा रु २८ लाख ऋण लिएपछि सावा, ब्याज एकपटक पनि नतिरेको, पटकपटक चिठी तथा फोनमार्फत जानकारी गराउँदा बेवास्ता गरेपछि सहकारीले सहकारी नियम र प्रक्रियाअनुसार जग्गा लिलामी गरेको सहकारीका अध्यक्ष काजीमान श्रेष्ठले जानकारी दिए।

"घरमा चिठी पठाउँदा नबुझ्ने र उल्टै कर्मचारीलाई धम्काएर पठाउने गरेपछि बाध्य भएर सञ्चालक समितिले कानुनी प्रक्रिया अगाडि बढाएर जग्गा लिलामी गरेको थियो", उनले भने। सहकारीका

*बाँकी पृष्ठ ४ मा*




# तीन वडाका ५० महिलालाई ढकिया बुन्ने तालिम

**मादीसेती प्रवाह**

**दमौली/२५, पुस**

सामाजिक विकास कार्यालय तनहुँको आर्थिक सहयोग व्यास नगरपालिकाका तीन वडाका ५० महिलालाई ढकिया बुन्ने तालिम प्रदान गरिएको छ।



ज्येष्ठ नागरिकमा रहेका ज्ञान, सीप र अनुभव अन्तरपुस्ता हस्तान्तरण कार्यक्रमअन्तर्गत ती महिलाहरूलाई चार दिनको ढकिया बुन्ने तालिम प्रदान गरिएको हो।

व्यास नगरपालिका-१२, १३ र १४ का महिलालाई छाब्दी बाराही मन्दिरमा आउने भक्तजनलाई फूल, प्रसाद र अक्षता लिएर जान सहज हुने किसिमको ढकिया बुन्न तालिम प्रदान गरिएको हो।

उक्त तालिममा व्यासका तीन वटा वडाका ५० जना महिलाको सहभागिता रहेको सामाजिक विकास कार्यालयका प्रमुख विदुरहरि आचार्यले जानकारी दिए।

उनले स्थानीय स्रोत र साधन अर्थात् बाबियाको प्रयोग गरी बनाइएको ढकियाले अन्यत्रबाट ल्याइने

*बाँकी पृष्ठ ३ मा*

स्वतन्त्र, निर्भिक, निष्पक्ष एवं खोजमूलक पत्रकारिताका लागि

मादीसेती प्रवाह

## सम्पादकीय...

# संक्रमणकालीन न्यायका नाममा व्यापार

२०६२ साल मंसिरमा तत्कालीन सरकार र विद्रोही माओवादीले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्दा सम्झौता भएको मितिले ६० दिनभित्र बेपत्ता पारिएका व्यक्तिहरुकाबारे सूचना सार्वजनिक गर्ने प्रतिवद्धता जनाइएको थियो । तर त्यस्तो लिखित प्रतिबद्धता जनाइएको यतिका वर्ष बितिसक्यो आजसम्म कुनै उपलब्धी प्राप्त भएको छैन । नेपालमा जति सरकार बन्छन् ति सबै सरकारले आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाउँछन् तर व्यवहारमा भने देखिएको छैन । नेपालमा २०५२ साल देखि २०६२ सालसम्म भएको सशस्त्र द्वन्द्वका क्रममा कति मान्छे राज्य र विद्रोही पक्षले बेपत्ता पारे भन्नेबारे एकछिन तथ्याङ्क आजसम्म पनि फेला पार्न सकिएको छैन । विभिन्न निकायहरुले फरक फरक आँकडा दिइ नै रहेका छन् छन् । प्रमुख राजनीतिक दलहरुबीच सहमति नहुँदा संक्रमणकालीन न्याय सम्बन्धी विषय टुंगोमा पुग्न सकेकै छैन । जसले गर्दा द्वन्द्व-पीडितलाई न्याय र परिपूरणको सुनिश्चितता गर्ने र द्वन्द्वकालका घटनाका आरोपित पीडकहरूलाई विधिसम्मत तरिकाले न्यायको दायरामा ल्याउने र उनीहरूको मानवअधिकार उल्लंघनमा संलग्नता अनुसार जवाफदेही बनाउने शान्ति सम्झौताको मर्म तथा भावनामाथि कुठाराघात हुन गएको छ । संक्रमणकालीन न्याय भनेको पुनर्स्थापना न्याय हो । यो भनेको न्यायको लागि एक दृष्टिकोण हो जसले सबै सरोकारवालाहरूलाई संलग्न गर्ने समावेशी प्रक्रियाहरू मार्फत द्वन्द्वका बखत भएका घटनाहरूको सत्य पहिचान गर्ने र प्राप्त सत्यका आधारमा उक्त व्यवहारबाट भएको हानिको परिपूरण र क्षतिपूर्ति वा पुनप्राप्तिमा जोड दिन्छ न कि दण्ड र प्रतिशोधमा । यसले पीडित, समुदायमा परेको प्रभाव पहिचान र क्षतिलाई सम्बोधन गर्ने र निको पार्ने कदमहरूमा जोड दिन्छ तर सम्झौताका माध्यमबाट द्वन्द्वको अन्त्य भएको निकै लामो समय भइ सक्दा पनि द्वन्द्व-पीडितहरूले न्यायको अनुभूति गर्न पाएका छैनन् । उनीहरूका पीडाहरू थप बल्झिरहेका छन् । पीडकहरू समेत आरोपका भारी बोकेर भौंतारिइरहेका छन् । संक्रमणकालीन न्यायका नाममा व्यापार धेरै भयो । अब यो प्रक्रियाको अन्त्य हुनुपर्छ ।



भानु नगरपालिका

नगरकार्यपालिकाको कार्यालय



फुस्रेटार, तनहुँ

## सटर भाडामा लगाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२६)

भानु नगरपालिका, नगरकार्यपालिकाको मिति २०८१/०८/२६ गते बसेको ५ औं बैठकको निर्णय नं. ४ अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ मा भएको व्यवस्था बमोजिम भानु नगरपालिकाद्वारा निर्माण गरिएको यसै नगरपालिकाको वडा नं. १ साजबोटेमा रहेको कृषि उपज संकलन केन्द्र भवनका ७ वटा सटरहरु नगरकार्यपालिकाको उल्लेखित बैठकको निर्णय बमोजिम प्रत्येक सटरका लागि कायम भएको न्यूनतम् मुल्यबाट बढाबढमा व्यावसायिक प्रयोजनका लागि भाडामा दिन ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन (अर्थात मिति २०८ १/१०/११) भित्र कार्यालय समयमा दरभाउपत्र खरिद गरी सो को पर्सिपल्ट (अर्थात मिति २०८१/१०/१३) दिनको १२:०० बजे भित्र भानु नगरपालिकाको कार्यालय, फुस्रेटार, तनहुँमा शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | सटरको विवरण | प्रत्येक सटरको न्यूनतम् मासिक भाडा रु. | दरभाउपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | भुइ तलाको दोहोरो मोहोडा भएको छेऊपट्टिको सटर (सटर नं. १) | ५,०००।०० | १,०००।०० | ५,०००।०० | २०८१/१०/११ दिनको ४:०० बजे भित्र | २०८१/१०/१३ दिनको १२:०० बजे भित्र |
| २ | भैइ तलाको अन्य सटर (सटर नं. २. ३. ४) | ३,५००।०० | १,०००।०० | ५,०००।०० | | |
| ३ | पहिलो तलाको दोहोरो मोहोडा भएको छेऊपट्टिको सटर (सटर नं. ५) | ३,०००।०० | १,०००।०० | ५,०००।०० | | |
| ४ | पहिलो तलाको अन्य सटरहरु (सटर नं. ६. ७) | २,५००।०० | १,०००।०० | ५,०००।०० | | |

शर्तहरु

१. शिलबन्दी दरभाउपत्र व्यक्ति, फर्म, कम्पनी वा संघ, संस्थाले खरिद गर्न सक्नेछन् ।

२. नेपाली नागरिकले मात्र शिलबन्दी दरभाउपत्र पेश गर्न पाईने छ ।

३. व्यक्तिले शिलबन्दी दरभाउपत्र पेश गरेको हकमा सम्झौता भएको मितिले २ महिना भित्र अनिवार्य रुपमा सम्बन्धित निकायमा व्यवसाय दर्ता गर्नु पर्नेछ । अन्यथा सम्झौताका बखत जम्मा गरेको धरौटी जफत गरी सम्झौता रद्ध गरिनेछ।

४. प्रत्येक सटरका लागि रु. १ ,०००।०० (अक्षरुपी एक हजार) (फिर्ता नहुने) दस्तुर तिरी वा यस नगरपालिकाको ग्लोबल आइ. एम. इ. बैंक , डुम्रे शाखामा रहेको आन्तरिक राजश्व खाता (खाताको नामः ग१.१ आन्तरिक राजश्व खाता , खाता नं. ११९०४०१००००००९) मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८१/१०/११ गते) भित्र कार्यालय समयमा यस नगरपालिकाको राजश्व उपशाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

५. प्रत्येक सटरका लागि शिलबन्दी दरभाउपत्र साथ रु. ५ ,०००।०० (अक्षरुपी पाँच हजार रुपयां) यस कार्यलियको ग्लोबल आइ.एम. इ. बैंक , डुम्रे शाखामा रहेको धरौटी खाता (धरौटी खाताको नामः ग३.१ धरौटी खाता , खाता नं. ११९०४०१००००००४)मा जम्मा गरेको सकलै बैंक भौचर संलग्न गर्नुपर्नेछ।

६. सटरमा तरकारी, फलफूल, माछामासु लगायत कृषि तथा पशुपंक्षीजन्य उत्पादन , दैनिक उपभोगका सामान, रेडिमेड कपडा, जुत्ता चप्पल, बिजुलीको सामान, कस्मेटिक, सृंगार लगायातका सामानहरुको संकलन, भण्डारण र बिक्री वितरण गर्ने प्रयोजनका लागिउपयोग गर्न पाइने छ । अटो वर्कशप (गाडी धुने समेत), ग्रिल लगायत फलामजन्य उद्योग, मिल तथा प्रचलित कानुनले बन्देज लगायतका सामानहरु, बढी जोखिम हुने वस्तुहरु र प्रज्वलनशील पदार्थ बिक्री वितरण गर्न पाइने छैन। मासु व्यवसाय गर्ने स्थलमा मासुजन्य पदार्थको मात्र बिकीवितरण गर्न पाइने छ।

७. सटर भाडामा लिने व्यक्ति , फर्म वा संस्था स्वयमले पानी तथा विद्युत महशुल व्यहोर्नुप र्ने छ। साथै आफ्नो सटर , शौचालय तथा वरपरको वातारवण स्वच्छ /सफा राखे जिम्मा स्वयम् सटर संचालकको हुनेछ।

८. दरभाउपत्र पेश गर्ने व्यक्ति/फर्म/कम्पनी/संघ/संस्थाले यस नगरपालिकामा बुझाउनु पर्ने सम्पूर्ण कर, दस्तुर, महशुल, सेवा शुल्कआदि बुझाई सकेको र नगरपालिकालाई कुनै तिर्नु बुझाउनुपर्ने बाँकी बक्यौता भएको हुनुहुँदैन। त्यस्तो दरभाउपत्र पेश भएको भएपनि बदर गरिनेछ।

९.प्रति सटर तोकिएको न्युनतम मासिक भाडा भन्दा सबैभन्दा बढी कबोल गर्ने र रितपूर्वक भरी पेश भएको दरभाउपत्रलाई मात्र स्वीकृतगरिनेछ । तोकिएको मिति र समयभित्र रितपूर्वक यस कार्यालमा दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु १ ७ औ दिन (मिति२०८१/१०/१३ गते) दिनको १:०० बजे प्रस्तावदाताहरु समेतको रोहबरमा शिलबन्दी दरभाउपत्र खोलिनेछ। तोकिएको समयमा प्रस्तावदाताहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा परने छैन । शिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिकबिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ र उक्त कार्य सोही दिनको सोही समयमा हुनेछ।

१०.दरभाउपत्र मुल्यांकन गरी भाडामा दिने वा नदिने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार नगरपालिकाको हुनेछ।

११.दरभाउपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको मासिक भाडा रकमको दरले ३ महिनाको भाडाबापत हुन आउने रकम सहित आ.व. २०८ ४/०८५ को माघ मसान्त सम्मको लागि सटर भाडा सम्झौता गर्न सम्बन्धित दरभाउपत्रदाताले यस नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुपर्ने छ। धरौटी रकम यस नगरपालिकाको धरौटी खातामा (खाताको नामः ग१.१ धरौटी खाता, खाता नं. ११९०१०१००००००४)जम्मा गर्नुपर्ने छ।

१२.स्वीकृत भएको मासिक भाडा रकम प्रत्येक महिनाको २५ गते भित्र नगरपालिकामा बुझाउनुपर्नेछ । तीन महिनासम्म भाडा नबुझाएमा धरौटी बापत राखिएको रकमबाट भाडा असुल उपर गरी सटर खाली गराइनेछ।

१३.म्याद भन्दा ढिलो गरी प्राप्त हुन आएका , रीत नपुगेका, कुनै शर्त राखी पेश भएका , सूचनाको शर्त विपरित पेश भएका आवेदन माथिकुनै कारवाही हुने छैन ।

बाँकी पृष्ठ ३ मा

**मनोरञ्जन**

# 'महाभोज'बाट किन बाहिरिइन् मिरुना ?

फिल्मको छायांकन सुरु नहुँदासम्म कलाकार भित्रने र बाहिरिने क्रम जारी रहन्छ। एक हिसाबले यो सामान्य हो। तर, भित्रनेभन्दा बाहिरिनेको सवालमा अक्सर एउटा प्रश्न उठ्ने गर्छ- 'टिमभित्र उत्पन्न मनमुटाव वा असमझदारीका कारण बाहिरिने अवस्था आएको त होइन ?' किनकि, धेरैजसो फिल्मबाट कलाकारहरु छायांकनको संघारमा बाहिरिनुको पछाडि यही कारण मुख्य हुने गरेको छ।

यतिबेला फिल्म 'महाभोज'बाट अभिनेत्री मिरुना मगर अलगिएको खबर छ।

यसको पुष्टि निर्देशक दिनेश राउत स्वयंले गरेका छन्। मिरुनाको ठाउँमा गौमाया गुरुङ भित्रिसकेकी छन्। कुनै असमझदारी उत्पन्न भएर मिरुनाले फिल्म नछाडेको निर्देशक राउतको भनाइ छ। पारिवारिक कारणले गर्दा तत्काल समय दिन नभ्याउने भएपछि मिरुना सहमतिमै अलगिएको उनले बताए।



केही दिनदेखि फिल्मको वर्कसप जोरसोरले चलिरहेको छ। मुख्य कलाकारहरु खगेन्द्र लामिछाने, आर्यन सिग्देल, गौमाया गुरुङ, अञ्जना बराइली, मलिका महत वर्कसपमा सहभागी छन्। फिल्मका अर्का मुख्य अभिनेता दयाहाङ राई भने काम व्यस्तताले गर्दा वर्कसपमा जोडिन पाएका छैनन्। आगामी माघ १ गते मुहूर्त गरेर फिल्मको छायांकन सुरु गरिँदैछ।

विकास सुवेदीको लेखन रहेको 'महाभोज'मा अनुपविक्रम शाही, बुद्धि तामाङ, कमलमणि नेपाल लगायतको पनि अभिनय रहनेछ।

फिल्मको निर्माता हिमाल कडरिया हुन्। सामाजिक कथावस्तुमा बन्न लागेको फिल्मलाई आगामी जेठमा रिलिज लक्ष्य राखिएको छ। यसअघि निर्देशक राउतको 'पूजार सार्की' पनि जेठमै रिलिज भएको थियो। उनले जेठ महिनालाई 'लक्की' मानेको देखिन्छ।

फिल्मीखवरबाट


भानु नगरपालिका

नगरकार्यपालिकाको कार्यालय



फुस्रेटार, तनहुँ

**सटर भाडामा लगाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

१४.जसको दरभाउपत्र स्वीकृत भई भाडा सम्झौता हुन्छ सोही प्रस्तावदाताले उक्त सटर कोठामा व्यवसाय संचालन गर्नुपर्नेछ। अर्थातअर्को कुनै पक्षलाई पुनः भाडामा लगाउन पाइने छैन । त्यस्तो गरेको पाईएमा धरौटी जफत गरी तत्काल सम्झौता भङ्ग गरिनेछ।

१५.शिलबन्दी दरभाउपत्रमा आफूले संचालन गर्ने व्यवसायको प्रकृति/किसिम उल्लेख गर्नुपर्नेछ।

१६.सटर भाडामा लिई संचालन गर्दा पालना गर्नुपर्ने शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१७.ठेक्का सम्झौता एकमुस्ठ तीन वर्षको लागि हुनेछ । प्रत्येक दुई वर्षमा वार्षिक भाडा १० प्रतिशतका दरले वृद्धि हुनेछ। ठेक्काकोशर्त बमोजिम सटर भाडामा लिने व्यक्ति, फर्म वा संस्थाको भाडा सम्झौता नियमानुसार नवीकरण गर्न सकिनेछ। तर सटर संचालकले द्विपक्षिय सम्झौता विपरित काम गरेमा नगरपालिकाले जुनसुकै बखत पनि सम्झौता तोडन सक्नेछ। साथै सटर संचालकले भाडा सम्झौता तोडन चाहेमा निजले तीन महिना अगाबै नगरपालिकामा लिखित रुपमा निवेदन दर्ता गरउनु पर्नेछ भने नगरपालिकाले सम्झौता तोडन चाहेमा एक महिना अगावै सटर संचालकलाई लिखित रुपमा नै जानकारी गराउनेछ।

१८.शिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु

(अ) यस कार्यालयवाट प्रमाणित भएको तथा रितपूर्वक भरिएको दरभाउपत्र

(आ) नेपाली नागरिकताको प्रमाण पत्र (फर्म वा कम्पनीको हकमा प्रोप्राइटरको र संघ संस्थाको हकमा अध्यक्षको)

(इ) फर्म/कम्पनी भए सम्बन्धित निकायमा दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्र (नविकरण सहित)

(ई) फर्म/कम्पनीको हकमा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र (VAT/PAN)र आ.व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्र

(उ) यस कार्यालयको ग्लोवल बैंक स्थित उल्लेखित धरौटी खातामा रु. ५,०००।०० (अक्षरुपी पाँच हजार) जम्मा गरेको सक्कलै भौचर

१९.यस विषयमा विस्तृत कुराहरु बुझनु परेमा नगरपालिकाको प्रशासन र पूर्वाधार शाखामा सम्पर्क गर्न सकिनेछ। साथै नगरपालिकाको वेबसाइट https://bhanumun.gov.np/बाट समेत विस्तृत जानकारी प्राप्त गर्न सकिनेछ ।

२०.यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम हुनेछन्। उल्लेख नभएका कुराहरु प्रचलित ऐन, कानुन बमोजिम हुनेछन्।

प्रमुख प्रशासकीय अधिकृत


# संविधान संशोधनको एजेन्डाबारे छलफलमा जुटे विपक्षी

**काठमाडौं /२५, पुस**

विपक्षी दलहरू संविधान संशोधनको एजेन्डाबारे छलफलमा जुटेका छन्। प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका शीर्ष नेताहरूबीच बिहीबार मात्रै



सिंहदरबारमा संवाद भएको छ।

बिहीबार सिंहदरबारमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसहितका नेताहरूबीच भेट भएको थियो।

भेट नियमित रहेको र बिहीबारको भेटमा समाजवादी मोर्चाको सक्रियता र संविधान संशोधनका एजेन्डाहरूका सम्बन्धमा छलफल भएको माओवादी केन्द्रका महासचिव देव गुरुङले जानकारी दिए।

'सरकारले संविधान संशोधन गर्ने भनिरहेका छन्। यो विषयमा विपक्षी दलहरूका बीचमा छलफल हुन थालेको छ। बिहीबारको भेट पनि यसै अन्तर्गत भएको हो,' महासचिव गुरुङले अनलाइनखबरसँग भने।

नेकपा माओवादी केन्द्रको हालै सम्पन्न केन्द्रीय समितिको बैठकले संविधान संशोधनका लागि तीनवटा एजेन्डा अगाडि बढाएको छ। जसमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, पूर्ण समानुपातिक निर्वाचन प्रणाली र संसद् सदस्य बाहिरबाट समेत मन्त्री बन्न पाउने व्यवस्था संविधानमा राख्ने भनिएको छ।

यी एजेन्डा माओवादी केन्द्रले पदाधिकारी, स्थायी समितिबाट तय गरेर केन्द्रीय समितिमा लगेको थियो। जसलाई केन्द्रीय समितिको बैठकले अनुमोदन गरेको हो।

माओवादी केन्द्रका महासचिव गुरुङ आफूहरू सरकारले संविधान संशोधनका लागि ल्याउने प्रस्तावमा विकल्पसहित उपस्थित हुने बताउँछन्। कांग्रेस र एमालेले सातबुँदे सहमति नै गरेर राजनीतिक स्थिरताका लागि संविधान संशोधन गर्ने भनेको स्मरण गर्दै उनले भने, 'राजनीतिक स्थिरता चाहिएको हो भने प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको प्रणालीमा जाऔं। जसले मुलुकको नेतृत्व पाँचै वर्षका लागि चुन्छ।'

कांग्रेस र एमालेले १७ असार २०८१ मध्यराति संयुक्त सरकार बनाउने गरी सातबुँदे समझदारी गरेका थिए। उक्त समझदारीको बुँदा नम्बर २ मा संविधान संशोधन गर्ने प्रतिवद्धता छ।

जहाँ भनिएको छ, '...सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वको लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने।'

निर्वाचन प्रणाली महंगो भएको भनेर हुने गरेको बहसको पनि आफूहरूसँग विकल्प रहेको बताउँछन् माओवादी महासचिव गुरूङ। उनी थप्छन्, 'पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाऔं जसले निर्वाचन खर्च पूरै कटाउँछ।'

सांसदहरू विधि निर्माणमा भन्दा मन्त्री हुनका लागि लालायित हुने गरेको र यसको दोष अस्थिर सरकार, महंगो निर्वाचन प्रणाली नै रहेको भनेर हुने गरेको बहस अन्त्य गर्नका लागि संसद् सदस्यबाहिरबाट मन्त्री बनाउन सक्नुपर्ने उनको राय छ।

'सांसद सदस्यबाहिरबाट समेत मन्त्री हुने गरी संविधान संशोधन गर्न सक्यौं भने सांसदहरू विधि निर्माणमा केन्द्रित त हुन्छन् नै अन्य केही समस्याहरू हल गर्नका लागि समेत सकिन्छ।'

यीबाहेक माओवादी केन्द्रले संविधान संशोधनका लागि अन्य केही एजेन्डाहरू समेत तय गरेको छ। राज्यका हरेक निकायमा महिलाको प्रतिनिधित्व ५० प्रतिशत पुऱ्याउन पहल गर्ने केन्द्रीय समितिको निर्णय छ।

हाल राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला हुनुपर्ने प्रावधान छ। यसलाई बढाएर ५० प्रतिशत पुऱ्याउन पहल गर्ने नीति केन्द्रीय समितिबाट पास गराएर अगाडि बढेको महासचिव गुरुङले जानकारी दिए।

यी लगायतका विषयमा संविधान संशोधनका लागि विपक्षमा रहेका दलहरूका बीचमा संवाद अगाडि बढेको हो। नेकपा एकीकृत समाजवादीका नेता जीवनराम श्रेष्ठ आफूहरू संविधान संशोधनका एजेन्डा के कसो हुन सक्छन् भनेर आन्तरिक छलफलमा रहेको बताउँछन्।

सरकारले आफ्नो तयारी अगाडि बढाएसँगै विपक्षी दलहरूले पनि आन्तरिक छलफल हुनु स्वभाविक रहेको बताउँछन्।

'पार्टीका तर्फबाट कमिटी बनाएर संविधान संशोधनबारे छलफल गरिरहेका छौं। त्यसले काम गरिरहेको छ। यो बेला अन्य दलसँग संवाद हुनु स्वभाविक हो,' श्रेष्ठले अनलाइनखबरसँग भने।

*वाँकी पृष्ठ ४ मा*

# तीन वडाका...

ढकियालाई विस्थापित गर्न सहयोग पुग्ने विश्वास गरिएको बताए।

पुस २१ गतेदेखि सञ्चालित सो तालिम बुधबार एक कार्यक्रमबीच समापन गरिएको छ। तालिममा सिकेका सीपलाई व्यावहारिक र व्यावसायिक रूपमा अघि बढाउन सकिए आयआर्जनमा सहयोग पुग्ने कार्यालय प्रमुख आचार्यले बताए।

तालिममा सहभागी भगवती भण्डारी र अन्जना भण्डारीले तालिम जीवन उपयोगी रहेको बताइन्। उक्त तालिममा सन्तमाया श्रेष्ठ, सनिमाया थापा र मधुमाया सारु मगरले प्रशिक्षण दिएका थिए।

# नवौं...

चलायमान गराउन मद्धत पुगेको बताए।

उपप्रधानमन्त्री सिंहले भने, 'आर्थिक समृद्धिको लागि यस्ता खालका महोत्सवको ठुलो योगदान रहन्छ, समुदायस्तरको आर्थिक अवस्था समेत सुदृढिकरण बनाउन योगदान दिन्छ।'

कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य अशोककुमार श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, महोत्सवका निर्देशक पविन्द्रकुमार श्रेष्ठ, तनहुँ उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष इमकुमार मल्ल, महासचिव सुवोध अधिकारी, विभिन्न राजनीतिक दलता नेता लगायतले कृषि उपज र व्यापारिक सामग्री खरिद बिक्री एवम् सस्कृतिको संरक्षणको लागि महोत्सव फलदायी हुने हुँदा यस्ता महोत्सवलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए।

कार्यक्रम तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष तथा महोत्सव मुल समारोह समितिका संयोजक वैकुण्ठनाथ मिश्रको अध्यक्षतामा भएको थियो । महोत्सवमा दैनिक राष्ट्रियस्तरका कलाकारको उपस्थितमा विभिन्न सांस्कृतिक कार्यक्रमसमेत हुने आयोजकले जानकारी दिएको छ । साँस्कृतिक कार्यक्रमको सहजीकरण सञ्चारकर्मी अन्जु दाहाल र माधवी त्रिपाठीले गरेका थिए।






# ८४ दिनपछि कास्की प्रहरीको हिरासतबाट छुटे लामिछाने

**काठमाडौं /२५, पुस**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले ८४ दिनपछि कास्की प्रहरीको हिरासतबाट मुक्त भएका छन् । सूर्यदर्शन सहकारी ठगी प्रकरणका अभियुक्त लामिछानेलाई जिल्ला अदालत कास्कीका न्यायाधीश नीतिज राईको इजलासले ६५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको हो।

जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले सूर्यदर्शन गराएको थियो।

त्यसयता पटकपटक म्याद थप्दै हिरासतमा राखेर अनुसन्धान गरिएको थियो। लामो अनुसन्धानपछि सरकारी वकिलको कार्यालयले सात पुसमा उनीविरुद्ध सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराध गरी तीनवटा मुद्दा दर्ता गराएको थियो।




आदेशपछि बैंक ग्यारेन्टीमार्फत धरौटी रकम बुझाएर लामिछाने रिहा भएका हुन् । आदेशमा भनिएको छ, 'प्रतिवादी रवि लामिछानेको हकमा रवि लामिछानले उक्त रकम गोर्खा मिडिया नेटवर्क प्रालिको नाममा संचालनमा रहेको ग्लोबल आइएमई बैंकको खाता नम्बर बाट सन् २०२१ को जनवरी २२ मा जम्मा गरेको देखिँदा सहकारीको रकम निज प्रतिवादीको खातामा आउने र त्यहाँबाट अन्यत्र जाने कार्यसमेत भएको देखिएको र अन्य प्रतिवादीसँगको अन्तरसम्बन्ध तथा बैंक खाताको ट्रान्जेक्सनको आधारमा प्राप्त प्रमाणबाट निज प्रतिवादी अहिले नै कसुरदार रहेनछन् भन्न सकिने मनासिव आधार नदेखिएता पनि तत्काल माथि उल्लेखित प्रमाणबाट पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा निज प्रतिवादी रवि लामिछानेबाट फौजदारी कार्यविधि संहिताको ०६८ र ०७२ समेतको आधारमा धरौटीको ६५ लाख लिई वा सो बराबरको जेथा वा बैंक जमानत लिई वा दिन नसकेमा दफा ८० बमोजिम थुनामा राख्नू।'

पूर्वगृहमन्त्रीसमेत रहेका लामिछानेलाई प्रहरीले गत २ कात्तिकको राति काठमाडौंबाट पक्राउ गरेर पोखरा पुऱ्याएको थियो । भोलिपल्ट शनिबार परेकाले ४ गते आइतबार मात्र म्याद लिनका लागि जिल्ला अदालत कास्कीमा उपस्थित सहकारीको रकम अपलचनमा तीन करोड ३७ लाख ६५ हजार, सम्पत्ति शुद्धीकरणतर्फ २७ करोड ८९ लाख ४४ हजार सात सय पाँच रुपैयाँ बिगो दाबी गरेको छ। त्यसयता अदालतमा अभियुक्तहरूको बयान तथा वादी र प्रतिवादीको तर्फका वकिलको थुनछेक बहस चलिरहेको थियो।

सहकारी समस्याबारे छानबिन गर्न सत्तारुढ नेकपा एमालेका सांसद् सूर्य थापाको नेतृत्वमा १५ जेठमा बनेको संसदीय विशेष समितिले विभिन्न सहकारीबाट गोर्खा मिडिया नेटवर्कमा गएको रकम अपचलनमा लामिछानेलाई दोषी ठहर गर्दै कारबाही गर्न सिफारिस गरेको थियो।

तत्कालै मन्त्रिपरिषद् बैठकले संसदीय समितिको सिफारिस कार्यान्वयन गर्न गृह मन्त्रालयलाई निर्देशन दिएपछि कास्की प्रहरीले यो मामलामा अनुसन्धान अघि बढाएको थियो । त्यसक्रममा प्रहरीले गोर्खा मिडिया नेटवर्कका तत्कालीन सञ्चालक छविलाल जोशीलाई प्रहरीले ६ असोजमा 'जरुरी पक्राउ पूर्जी' दिएर काठमाडौंबाट नियन्त्रणमा लिएको थियो।

पोखराको सूर्यदर्शनसमेतका सात सहकारीबाट ६५ करोड रुपैयाँ गोर्खा मिडिया नेटवर्कमा गएको संसदीय समितिको अनुसन्धानबाट खुलेको छ।

अनलाइन खवरबाट

# लेखा समिति सभापतिका स्वकीय सचिवलाई ५ दिन हिरासतमा राख्न अनुमति

**काठमाडौं /२५, पुस**

संघीय संसदको सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलका स्वकीय सचिव अनिल पोखरेललाई पाँच दिन हिरासतमा राख्न अदालतले आदेश दिएको छ।

जिल्ला प्रहरी कार्यालय मोरङका एसपी नारायण चिमोरियाले पाँच दिन हिरासत राख्न अनुमति प्राप्त भएको अनलाइनखबरलाई बताए। 'ठगीको कसुरमा पाँच दिनको म्याद थप भएको छ। बिहीबार बिहान प्रहरीले उनलाई पक्राउ गरेको थियो। मोरङको रंगेली नगरपालिका २ घर भई काठमाडौं बस्दै आएका ४३ वर्षीय अनिल नेकपा एमाले मोरङ जिल्ला सदस्य हुन्।

उनले एबीबीबीएस पढ्न छोरीको नाम निकालिदिने भन्दै सप्तरीको अग्निसाइबर कृष्णासवरन गाउँपालिका-५ बकधुवा बस्ने ५७ वर्षीय बौआलाल चौधरीसँग विभिन्न मितिमा ३८ लाख ८० हजार रुपैयाँ लिएको आरोप छ। ठगी प्रकरणमा मुछिएपछि सभापति पोखरेलले आफ्ना स्वकीय सचिव अनिललाई जिम्मेवारीबाट हटाएका थिए।

अनलाइन खवरबाट

## वन्यजन्तु संरक्षण सम्बन्धी डिभिजन वन कार्यालय, तनहुँको सार्वजनिक अपिल !

वन जंगलमा पाईने रतुवा मृग, कस्तुरी मृग, घोरल, झारल, थार, बँदेल, हिँउ चितुवा, चितुवा, डाँफे, कालिज, च्याखुरा जस्ता बन्यजन्तुहरु मार्न पासो थाप्ले पक्रने, शिकार गर्ने /गराउने, वन्यजन्तुका छाला, हाड, नडग्रा, दाहा, मासु समेत ओसारपसार गर्नु/गराउनु हुँदैन। कोही कसैले तपाईलाई कानुनले शिकार नपाईने काममा ललाई फकाई शिकार गर्न पठाउन सक्छ। वन्यजन्तु शिकार गर्न पठाउने, शिकार गर्ने र ओसारपसार गर्ने जुनसुकै व्यक्तिलाई बन्यजन्तु पक्रेको, मारेको, ओसारपसार गरेको कसुर अपराधमा बन्यजन्तु सम्बन्धी मुद्दा लाग्छ। मानिस समेत थुनिन सक्छ। त्यसैले, कसैले पनि वन जंगलमा रहेका वन्यजन्तु, चराचुरुङ्गी पकने, शिकार गर्ने, ओसारपसार गर्ने कार्य नगर्नु नगराउनु हुन डिभिजन वन कार्यालय सबैमा हार्दिक अपिल गर्दछ।

अनुरोधक

डिभिजन वन कार्यालय तनहुँ

# संविधान...

एकीकृत समाजवादीले यही २ पुसमा संविधान संशोधन सुझाव कार्यदल गठन गरेको थियो।

स्थायी कमिटीबाट उपाध्यक्ष प्रकाश ज्वालाको नेतृत्वमा गठित कार्यदलमा जसमा गरिमा शाह, गणेश विक, बलदेव चौधरी, रामचन्द्र यादव, घनप्रसाद गौतम र राजन राई सदस्य छन्। विपक्षी दलहरू र आवश्यक सबै पक्षसँग संवाद गर्न पदाधिकारी, पोलिट्ब्युरो र स्थायी समितिमा रहेकाहरू संविधान संशोधन सुझाव कार्यदलमा राखिएको नेताहरू बताउँछन् । अर्को विपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि संविधान संशोधनका लागि सुझाव कार्यदल बनाएर काम गरिरहेको छ। यही २१ पुसमा बसेको रास्वपाको केन्द्रीय समिति बैठकले आइतबार प्रमुख सचेतक सन्तोष परियारको संयोजकत्वमा कार्यदल बनाएको हो।

कार्यदलमा कान्तिशिखा धिताल, डा. नन्दन यादव, गणेश कार्की, सोबिता गौतम, असिम शाह, डा. तोसिमा कार्की, डा. अच्युतम लामिछाने र मेघ आले सदस्य छन्। नेताहरूका अनुसार कार्यदलले सातवटै प्रदेशमा र संविधानविदहरूसँग छलफल गरेर धारणा बनाउने कार्य अगाडि बढाएको छ।

अनलाइन खवरबाट

# भिमादको सहकारीका...

अध्यक्ष श्रेष्ठले सञ्चालक समितिले गरेको निर्णय प्रबन्धकले कार्यान्वयन गर्ने कानुनी प्रक्रिया रहकाले वडाध्यक्ष श्रेष्ठले प्रबन्धकलाई हातपात गरेको उल्लेख गरे।

सोमबार बिहान ९ बजे खाना खाइरहेको ठाउँमा आएर आफू र आफ्नो परिवारलाई पाँच जनाले कुटपीट गरेको सहकारीका प्रबन्धक रामबाबु गैह्रेले जानकारी दिए । परिवार माथि साङ्घातिक हमला भएपछि सबै जना त्रासमा बस्नुपरेको उनले बताए।

पक्राउ परेका वडाध्यक्ष श्रेष्ठसहित पाँच जनालाई जिल्ला अदालत कार्यालयबाट पाँच दिन म्याद थप गरी अनुसन्धान थालिएको इलाका प्रहरी कार्यालय बेलचौतराका प्रहरी निरीक्षक पोषण थापाले जानकारी दिए।

मादीसेती प्रवाह राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादकः ओमकार आचार्य, व्यवस्थापक : राजेश्वर हड्खले, कार्यकारी सम्पादकः अञ्जना तिमल्सेना (न्यौपाने), संवाददाता : मिला दरै, वितरकः तिलबहादुर थापा, कार्यालयः ब्या.न.पा.-३, सफासडक, दमौली, फोनः ०६५-५६१२९५,९८४६०९१३४५ E-mail:- madisetiprawha@gmail.com मुद्रणः- विज्ञान प्रिन्टर्स दमौली।